- गाउँपालिकाका उपाध्यक्ष एवम् गाउँसभाका सम्पुर्ण सदस्यज्यूहरु, उपस्थित अतिथि गण, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न सरकारी तथा नीजि कार्यालयका प्रमुख एवम् प्रतिनीधि ज्यूहरु, संचारकर्मी मित्रहरु, अन्य महानुभावहरु लगाएत सम्पूर्ण पुथा उत्तरगंगा बासी दिदीबहिनी तथा दाजुभाईहरु, नमस्कार ।

- यस गरिमामय गाउँसभाको दोस्रो कार्यकालको प्रथम बैठकमा स्थानीय सरकार स्थापना पश्चात दोस्रो निर्वाचित सरकारको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म निकै नै गौरवान्वित भएको छु ।

- सर्वप्रथम म महान जनयुद्द, विभिन्न ऐतिहासिक जनआन्दोलनहरु एवम् अन्य संघर्षहरुमा सरिक भई नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था भएको मुलुकको रुपमा स्थापना गर्न आफ्नो ज्यानको बलिदान गर्नुहुने ज्ञात अज्ञात महान सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै जनक्रान्तिमा अमूल्य योगदान गर्नु हुने पूर्व जनमुक्ति सेना, घाईते अपांग तथा वेपत्ता हुनुभएका नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । लोकतन्त्र र सामाजिक न्यायको आन्दोलनमा अगुवाई गर्नुहुने अग्रजहरुको योगदानको स्मरण गर्न चाहन्छु ।

- स्थानीय सरकारको सशक्तिकरण मार्फत स्थानीय सेवाहरुको सुसंस्कृत प्रवाहीकरण, सामाजिक न्यायको स्थापना एवम् पुथा उत्तरगंगा गाँउपालिका बासी दाजुभाई दिदीबहिनीहरुको जिवनस्तर गुणात्मक रुपमा परिवर्तन गर्न गाउँपालिकाले कार्य गरिरहेको छ र सदैब गरिरहने छ । न्युन बजेट, दक्ष जनशक्तिको अभाव साथै भौगोलिक विकटताका कारण हामीले अपेक्षित उपलब्धि हासिल गर्न नसकेतापनि हरेक समयहरुमा यहाँका नागरिकहरुले स्थानीय सरकारप्रति देखाएको सद्भाव र सहयोगप्रति कृतज्ञता व्यक्त गर्दछु साथै आगामी दिनहरुमा पनि सदैब साथ र सहयोगको अपेक्षा गर्दछु ।

- अब म नेपालको संविधान, नेपाल सरकारको "समृद्ध नेपाल:सुखी नेपाली" हुने दीर्घकालीन सोच र राष्ट्रिय आकांक्षा एवम् लुम्बिनी प्रदेश सरकारको "समृद्ध प्रदेश:खुसी जनता" र दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्दै पुथा उत्तरगंगा गाउँपालिकाका जनताको विकासको चाहनालाई

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव<br>नि .प्रमुख प्रशासकीय अधिकृत<br>बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा उपाध्यक्ष<br>भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनीराज घर्ती मगर<br>गा.पा अध्यक्ष<br>पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

परिपुर्ति गर्न दोस्रो कार्यकालको लागि निर्वाचित सरकारको नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहन्छु ।

कृषि तथा पशुसेवा सम्बन्धी नीतिहरु :

- कृषि जिवनको आधार भन्ने कुरालाई स्मरण गर्दै पुथा उत्तरगंगा गाउँपालिकाका ८० प्रतिशत भन्दा धेरै नागरिकको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रलाई निर्वाहमुखीबाट आधुनिक एवम् व्यवसायिक बनाउँदै उत्पादित कृषि उपजहरुको बजारिकरणको माध्यमबाट आम नागरिकको आर्थिक स्थिती सबल बनाउन गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ देखि **सहिद स्मृति कृषि कार्यक्रम** मार्फत विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । आगामी आर्थिक वर्षमा यस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पुथा उत्तरगंगा गाउँपालिका ओखर, स्याउ, आलु, सुन्तला, कागती तथा टिमुर लगाएतका फलफुल एवम् नगदेवालीको उत्पादनको लागि अत्यन्तै सम्भावना बोकेको क्षेत्र हो । यस्ता कृषि उपजहरुको उत्पादन प्रवर्द्धन गर्न **उत्पादनमा आधारित प्रोत्साहन अनुदान** कार्यक्रम कार्यान्वयन गरिनेछ । साथै उत्पादित कृषि उपजहरुको भण्डारण गर्न चिस्यान केन्द्र स्थापना गरिनेछ ।
- यस क्षेत्रलाई व्यवसायिक कृषि उत्पादनको केन्द्र बनाउन अघिल्लो आवमा स्थापित ओखर तथा स्याउ पकेट क्षेत्रहरुलाई स्तरोन्नति र निरन्तरता गर्दै चालु आवमा थप ओखर तथा स्याउ पकेट क्षेत्र स्थापना गरिनेछ भने पशुजन्य उत्पादनलाई बढावा दिन आगामी आर्थिक वर्षमा **बाख्रा पकेट विकास कार्यक्रम** संचालन गरिनेछ ।
- गाउँपालिकाको मुख्य खाद्यान्न बालीको रुपमा रहेको मकै खेतीलाई प्रोत्सान गर्न **मकै बाली प्रवर्द्धन कार्यक्रम** र तरकारी उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन **तरकारी बीउ उत्पादन कार्यक्रम** संचालनमा ल्याइनेछ । गाउँपालिकाको मौलिक र प्राङ्गारिक उत्पादनलाई प्रोत्साहन गर्न संचालन गरिएको **रैथाने बाली प्रवर्द्धन कार्यक्रम**लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ ।
- कृषकहरुको उत्पादनलाई बजारीकरणमा सहजीकरण गर्न गाउँपालिकाले नै निश्चित मापदण्डको आधारमा कृषि उपजको संकलन गर्ने व्यवस्था मिलाईनेछ । हाल गाउँपालिकामा गठित विभिन्न कृषक

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव<br>नि.प्रमुख प्रशासकीय अधिकृत<br>बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा उपाध्यक्ष<br>भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनीराज घर्ती मगर<br>गा.पा अध्यक्ष<br>पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

समूहहरुबीच प्रतिस्पर्धात्मक रुपमा कृषि उत्पादनमा जोड दिन प्रोत्साहन गरिनेछ भने त्यस्ता समूहहरुलाई सक्षम र सबल बनाउन व्यावसायिक तालिम उपलब्ध गराईनेछ।

- यसैगरी हिमाली धान र च्याउ तथा मौरीको उत्पादन प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ। यस गाउँपालिकाको विभिन्न भेगमा प्रचुर मात्रामा पाइने हिमाली जडिबुटीहरुको प्रशोधन गरी राजश्व संकलनलाई बढाउन जडिबुटी प्रशोधन केन्द्र स्थापना गरिनेछ । साथै कृषकहरुलाई साना मेशिनरी औजार उपकरण वितरण गर्दै उनीहरुको दक्षता अभिवृद्धी गर्न उत्कृष्ट कृषि उत्पादन क्षेत्रहरुमा अध्ययन तथा अवलोकन भ्रमणमा लगिनेछ।
- आर्थिक वर्ष २०७९/०८० देखि **निशुल्क पशुपंक्षी विमा कार्यक्रम** कार्यान्वियन गर्दै पशुपंक्षीहरुमा लाग्ने रोगहरुको निराकरण गर्न विभिन्न समयमा गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा **घुम्ती शिविर संचालन** गरिनेछ भने गाउँपालिकाको पशु सेवा शाखामा भेटेरिनरी प्रयोगशालालाई सुदृढ गर्दै लगिनेछ । यसैगरी नश्ल सुधारको लागि उन्नत बोका वितरण गरिनेछ भने भेडा तथा बङ्गुरको उत्पादनलाई प्रवर्द्धन गर्न कार्यक्रमहरु संचालन गरिनेछ।
- कृषकहरुसँगको लागत साझेदारीमा माटो व्यवस्थापन तथा बगैंचा सुधार कार्यक्रम, सिँचाई मर्मत सम्भार कार्यक्रम, बेमौसमी तथा नविनतम कृषि प्रविधि कार्यक्रम तथा श्रोत बीँउ उत्पादन जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । यसैगरी मागको आधारमा कृषकहरुलाई मौसमी फलफुलका बिरुवा र उन्नत जातको बीँउ निशुल्क उपलब्ध गराईनेछ।
- पशुपंक्षीहरुमा लाग्ने रोग नियन्त्रणको लागि कार्यक्रम संचालन गर्ने साथै रोग नियन्त्रणको लागि आवश्यक औषधिहरुको व्यवस्था गरिनेछ। साथै कृषकको मागको आधारमा पशुपंक्षीहरु सम्बन्धी बिभिन्न कार्यक्रम संचालन गरिनेछ। पशुपंक्षीहरुमा लाग्ने रोगहरुको बारेमा चेतना अभिवृद्धि गराउन बिभिन्न वडाहरुमा कृषकहरुलाई र विद्यालयहरुमा विद्यार्थीहरुलाई सचेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गरिनेछ।

**रोजगार सम्बन्धी नीतिहरु :**

- आर्थिक समृद्धिको प्रमुख वाधक तत्व बेरोजगारीलाई कम गरी गरिबी निवारण गर्न आ.व. २०७८/०७९ सुरु गरिएको सहिद स्मृति रोजगार कार्यक्रम लाई निरन्तरता दिईनेछ।
- विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा गाउँपालिकाभित्रका बेरोजगार व्यक्तिहरुलाई सिपमुलक तालिमहरु उपलब्ध गराईनेछ।

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि .प्रमुख प्रशासकीय अधिकृत | गा.पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

- प्रधानमन्त्री रोजगार कार्यक्रम र सहिद स्मृति रोजगार कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ । यसैगरी यसको प्रभावकारिता वृद्धि गर्न संघीय सरकारसँगको साझेदारीमा औजार तथा सुरक्षा सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

**पर्यटन सम्बन्धी नीतिहरु :**

- नेपालको एकमात्र ढोरपाटन शिकार आरक्षको करिब ६० प्रतिशत भुभाग रहेको यस गाउँपालिका पर्यटनको क्षेत्रमा अत्यन्तै सम्भावना बोकेको क्षेत्र हो । पुथा हिमाल र उत्तरगंगा नदीको बीचमा रहेका विभिन्न भौगोलिक विविधता र विषमता, उच्च पहाडी र हिमाली हावापानी, खोलानाला तालतलैया र वन पैदावारहरु, हिमाली पदमार्गहरु र आदिवासी जनजाती मगर समुदायको रीतिथीति तथा संस्कृति एवम् रहनसहन पर्यटक आकर्षण गर्ने प्रमुख आधारहरु हुन । यी विषयहरुलाई मध्यनजर गर्दै पर्यटन प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा **वृहत पर्यटन गुरुयोजना** तयार गरिनेछ ।
- पर्यटनको प्रचुर सम्भावना बोकेका क्षेत्रहरुलाई आवश्यक प्रचार प्रसार गर्न नसक्दा सधै ओझेलमा परिरहेका छन । यसकारण गाउँपालिकाका पर्यटकीय क्षेत्रहरुको बारेमा जानकारी दिन **पर्यटन डकुमेन्ट्री** तयार गरिनेछ । साथै बागलुङको ढोरपाटन उपत्यकालाई तकसेरासँग सडक संजालले जोड्न थप पहल गरिनेछ ।
- पुथा उत्तरगंगा गाउँपालिकाको गौरवको रुपमा वडा नं ५ रिसल्लामा एयरपोर्ट निर्माणको लागि सम्भाव्यता अध्ययन भईसकेकोले निर्माण कार्य प्रारम्भ गर्नको लागि सम्बन्धित निकायमा थप पहल गरिनेछ ।
- पर्यटकहरुलाई सहजताको लागि गाउँपालिकाका विभिन्न पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सिग्नल बोर्डहरु राखिनेछ भने पर्यटन पदमार्ग निर्माणको कार्यलाई निरन्तरता दिईनेछ । यसैगरी गाउँपालिकाको प्रवेशद्धारमा पहिचानसहितको स्मारिका निर्माण गरिनेछ । गाउँपालिकाको माथिल्लो क्षेत्रमा रहेको गुरिल्ला पदमार्गलाई व्यवस्थित गर्दै लगिनेछ भने विभिन्न क्षेत्रहरुमा पर्यटकको लागि होमस्टे निर्माण र संचालनको लागि पहल गरिनेछ ।

**उद्योग, वाणिज्य र उद्दमशीलता सम्बन्धी नीतिहरु :**

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव<br>नि .प्रमुख प्रशासकीय अधिकृत<br>बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा उपाध्यक्ष<br>भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनीराज घर्ती मगर<br>गा.पा अध्यक्ष<br>पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

- नागरिकहरुलाई नेपालको संविधानले प्रदत्त गरेको उपभोक्ताको हक सुनिश्चित गर्न बजारको नियमित अनुगमन गर्ने, अखाद्य वस्तुको विक्री वितरणलाई पूर्णरुपमा नियन्त्रण गर्ने, कालोबजारी नियन्त्रण गर्ने र खाद्य संस्थानसँग आवश्यक समन्वय र पहल गरी खाद्यान्नको पर्याप्त आपुर्ति र भण्डारको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा लघु उद्दमको विकास एवम् प्रवर्द्धन गर्न लघु उद्दम विकास कार्यक्रम मार्फत विभिन्न नयाँ उद्दमीहरु सिर्जना गर्दै लगिनेछ भने पुराना उद्दमीहरुलाई पुनर्ताजगी तालिम उपलब्ध गराईनेछ । युवाहरुमा उद्दमशीलता प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ । साथै उद्दमी समूहहरुलाई प्रविधि हस्ताण्तरण गरिनेछ ।

**सहकारी एवम् वित्तीय क्षेत्र सम्बन्धी नीतिहरु :**

- स्थानीय सरकार संचालन ऐनले प्रदत्त गरेको अधिकार साथै सहकारी ऐन र नियमालीमा भएको व्यवस्था अनुसार पुथा उत्तरगंगा गाउँपालिकामा दर्ता भएका सहकारीहरुलाई स्थानीय उत्पादन प्रवर्द्धनमा लगानि गर्न पहल गरिनेछ । साथै सहकारी मोडेलमा विभिन्न कार्यक्रमहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- गाउँपालिकाभित्रका सहकारीहरुको यथार्त अवस्थाको बारेमा तथ्यांक संकलन गरी शहिद परिवार, घाईते तथा अपांगहरुलाई सहकारीसँग आवद्ध गरी रोजगारी सिर्जना गर्न पहल गरिनेछ ।
- श्रम सहकारी गठन गरी बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउन आवश्यक पहल गरिनेछ ।

**शिक्षा सम्बन्धी नीतिहरु ( गुणस्तरीय शिक्षा : आजको आवश्यकता)**

- विद्यार्थी मैत्री शैक्षिक पूर्वाधार, आधुनिक प्रविधिको उच्चम प्रयो, दक्ष र योग्य शैक्षिक जनशक्ति तथा अनुशासन र स्वमूल्यांकनको माध्यमबाट शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउँन पुथा उत्तरगंगा गाउँपालिकाले आव २०७८/०७९ देखि सुचारु गरेको सहिद स्मृति शैक्षिक विकास कार्यक्रम लाई प्रभावकारीरुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि .प्रमुख प्रशासकीय अधिकृत | गा.पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

- शैक्षिक जनशक्तिलाई दक्ष र योग्य बनाउँन विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, लेखा सम्बन्धी कर्मचारीहरु, शिक्षक तथा बालविकास सहजकर्ताहरुलाई विभिन्न प्रकारका व्यावसायिक र क्षमता विकास तालिमहरु उपलब्ध गराईनेछ ।
- आगामी आर्थिक वर्षदेखि गाउँपालिकाको आफ्नै पहिचानसहित स्थानीय विषयवस्तुलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गरी संचालन गरिनेछ । साथै गाउँपालिकामा प्राविधिक धारको पठनपाठन सुचारु गर्न प्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।
- बालबालिकालाई बालमैत्री पूर्वाधारहरुमा पठनपाठन गराउन बाल विकास केन्द्रहरुलाई व्यवस्थित गरिनेछ भने अन्य विद्यालय पूर्वाधारहरुलाई विद्यार्थी मैत्री बनाउँदै लगिनेछ । यसैगरी गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा पुस्तकालय, डिजिटल ल्याब तथा प्रयोगशालाहरु निर्माण गर्दै लगिनेछ ।
- १ देखि ५ कक्षासम्म विद्यार्थीहरुलाई विद्यालयमा आकर्षित गर्न र शैक्षिक गतिविधिहरुमा टिकाई राख्न दिवा खाजा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ । यसैगरी प्राथमिक तहमा अङ्ग्रेजी भाषाबाट पठन पाठन सुचारु गर्न पहल गरिनेछ ।
- गाउँपालिकाले दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न लागु गरेको छात्रवृति अनुदान सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक संस्थाहरुको भौतिक संरचना, शैक्षिक गुणस्तर र व्यवस्थापकीय पक्षको नियमित अनुगमन गरी शैक्षिक उपलब्धिको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको यूवा जनशक्तीमा रहेको प्रतिभा उजागर गर्न एवम् खेलकुद क्षेत्रलाई माथि उठाउँन सुरु गरिएको सहिद स्मृति युवा प्रतिभा तथा खेलकुद कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा अध्यक्ष कप खेलकुद कार्यक्रम संचालन गरी खेलकुद क्षेत्रमा उत्कृष्ट प्रतिभा छनौट गरी प्रोत्साहन गरिनेछ ।
- शैक्षिक संस्थाहरुलाई विद्यार्थीमैत्री बनाउँदै लग्ने नीति लगिनेछ भने आ.व. २०७९/०८० मा पुराना शैक्षिक संस्थाहरुको मर्मत सम्भार गर्ने र नयाँ संरचनाहरु निर्माण गरिनेछ । यसैगरी समग्र शिक्षा क्षेत्रको विवरण झल्काउँन शैक्षिक स्मारिका प्रकाशन गरिनेछ ।
- आ.व. २०७९/०८० देखि सम्पूर्ण विद्यालयहरुले आफ्नो मासिक प्रगति प्रतिवेदन नियमितरुपमा गाउँकार्यपालिकामा पेश गर्नुपर्ने नीति लिईनेछ जसलाई सम्बन्धित विद्यालयका कर्मचारीको कार्यसम्पादनसँग जोडी मूल्यांकन गरिनेछ ।

बशिष्ट नारायण यादव
नि .प्रमुख प्रशासकीय अधिकृत
बशिष्ट नारायण यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

भुपेन्द्रा बुढा मगर
गा.पा उपाध्यक्ष
भुपेन्द्रा बुढा मगर
गा.पा.उपाध्यक्ष

पुनीराज घर्ती मगर
गा.पा अध्यक्ष
पुनिराज घर्ति
गाउँपालिका अध्यक्ष

## स्वास्थ्य सम्बन्धी नीतिहरु :

- स्वस्थ जनशक्ति समृद्ध राष्ट्र निर्माणको आधार हो। नेपालको संविधानले प्रदत्त गरेको स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयन गर्दै आफ्ना नागरिकहरुलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचमा पुर्याउन पुथा उत्तरगंगा गाउँपालिका तत्पर रहि आएको छ। जनताको घरसम्मै आधारभुत स्वास्थ्य सेवाको प्रवाह मार्फत जनताको स्वास्थ्य स्थिति सबल बनाउँन गाउँपालिकाले आव २०७८/०७९ देखि सुरु गरेको **सहिद स्मृति स्वास्थ्य कार्यक्रम**लाई निरन्तरता दिँदै थप कार्यक्रमहरु संचालन गरिनेछ जसमार्फत **जनताले महसुस गर्ने** गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ।
- आगामी आर्थिक वर्षदेखि गाउँपालिकाका **अतिविपन्न नागरिकहरुको निशुल्क स्वास्थ्य विमा** कार्यक्रम कार्यान्वयन गरिनेछ भने उच्च रक्तचाप, मधुमेह, मृगौला खराबी लगाएतका जटिल रोगहरुको समयमै पहिचान गर्न साथै गर्भवती तथा सुत्केरी आमाको स्वास्थ्य जाँच, बालबालिकाहरुमा कुपोषणको अवस्था, अपांग तथा ज्येष्ठ नागरिकको स्वास्थ जाँच जस्ता नियमित स्वास्थ्य सेवाहरु प्रवाह गर्न हरेक महिना डाक्टर सहित **घुम्ती स्वास्थ्य शिविर** संचालन गरिनेछ।
- सशस्त्र जनयुद्धका घाईते, अपांग एवम् सहिद तथा वेपत्ता परिवारका सदस्यहरुको निशुल्क स्वास्थ्य विमा गरिनेछ। साथै उनीहरुलाई आवश्यक्ताको आधारमा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।
- यस गाउँपालिकाको भौगोलिक विकटतालाई मध्यनजर गर्दै आगामी आर्थिक वर्षदेखि **एक कलमा डाक्टर सेवा** सुचारु गरी टेलिमेडिसिन मार्फत बिरामीहरुको नियमित चिकित्सकीय निगरानी राख्ने व्यवस्था मिलाईनेछ।
- गाउँपालिकाभित्रका गर्भवती आमाहरुलाई नियमित स्वास्थ्य निगरानीमा राख्न आगामी आर्थिक वर्षदेखि **गर्भवतिसँग उपाध्यक्ष कार्यक्रम** संचालन गरी निशुल्क ल्याब, घुम्ती अल्ट्रासाउण्ड एवम् उपचार लगाएतका सेवाहरु उपलब्ध गराईनेछ साथै गर्भवतीहरुलाई आवश्यक पर्ने क्याल्सियम तथा भिटामिन घरघरमै उपलब्ध गराईनेछ।
- यसैगरी गर्भवतीलाई स्वास्थ्य संस्थासम्म पुर्याउन निशुल्क एम्बुलेन्स उपलब्ध गराईनेछ भने **गर्भवती तथा सुत्केरी आमाहरुको निशुल्क स्वास्थ्य विमा** कार्यक्रम लागु गरिनेछ। बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै सुनौला हजार दिनका आमाहरुलाई पोषणजन्य सामग्रीहरु र फोनबाटै पोषण परामर्श र मनो परामर्श दिने व्यवस्था मिलाईनेछ। स्वास्थ्य संस्थामा जन्मिएका छोरीहरुको निशुल्क स्वास्थ्य विमा गरिनेछ।

वशिष्ट नारायण यादव
नि .प्रमुख प्रशासकीय अधिकृत
वशिष्ट नारायण यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

भुपेन्द्रा बुढा मगर
गा.पा उपाध्यक्ष
भुपेन्द्रा बुढा मगर
गा.पा.उपाध्यक्ष

पुनीराज घर्ती मगर
गा.पा अध्यक्ष
पुनिराज घर्ति
गाउँपालिका अध्यक्ष

- विद्यालयहरुमा किशोरीहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी पर्याप्त मात्रामा निशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिनेछ भने किशोरी मैत्री पूर्वाधार निर्माण गर्न आवश्यक पहल गरिनेछ । गाउँपालिकाका हरेक क्षेत्रहरुलाई चेली मैत्री बनाउँदै लगिनेछ । सार्वजनिक तथा अन्य स्थलहरुमा महिला तथा किशोरीहरुलाई पर्ने जस्ता सुकै अफ्ठ्यारामा सहायताको लागि आगामी आर्थिक वर्षदेखि **चेलीसँग उपाध्यक्ष कार्यक्रम** कार्यान्वयन गरी हटलाईन मार्फत गुनासो सम्बोधन गर्ने वातावरण मिलाईनेछ । यसैगरी किशोरी अवस्थामा आउने आकस्मिक परिवर्तनहरुको बारेमा उनीहरुलाई परामर्श सेवा उपलब्ध गराईनेछ ।
- पुथा उत्तरगंगा गाउँपालिकामा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गर्दै सेवाहरु विस्तार गर्नु हाम्रो मुख्य प्राथमिकता हो । स्वास्थ्य संस्थाहरुको बर्थिङ सेन्टर, आकस्मिक कक्ष लगाएत ओपिडि कक्षलाई व्यवस्थित गरिनेछ । गाउँपालिकाको केन्द्रमा १५ शैया अस्पताल निर्माण सुचारु गर्ने प्रक्रिया अन्तिम चरणमा रहेको छ । यसैगरी गाउँपालिकाका अधिकांश वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण भइसकेका छन् भने आगामी आर्थिक वर्षमा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण नभएका वडाहरुमा सेवा केन्द्र भवन निर्माण गरिनेछ । हरेक जनताले गुणस्तरीय स्वास्थ्य सेवाको महसुस गर्नेगरी पर्याप्त औषधि एवम् औषधिजन्य सामानहरुको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाका सबै भेगलाई समेट्ने गरी हुकाम स्वास्थ्य चौकी, तकसेरा स्वास्थ्य चौकी र रिवाङचौर स्वास्य चौकीमा ल्याब सेवा सुचारु गरिनेछ भने प्राथमिक स्वास्थ्य केन्द्र कोलबाट नियमित ल्याब तथा सादा तथा भिडियो एक्सरे सेवा प्रवाह गरिनेछ ।
- यस गाउँपालिकाभित्र रहेका उच्च रक्तचाप, मधुमेह लगाएतका दीर्घ रोग लागेका बिरामीहरुले नियमित रुपमा औषधि सेवन गर्नुपर्ने भएकोले त्यस्ता रोग लागेका अति विपन्न र गरिब व्यक्तीहरुलाई सहुलियतको लागि औषधि उपचार खर्च उपलब्ध गराईनेछ ।
- विभिन्न प्रकारका दीर्घ, सरुवा तथा नसर्ने रोगहरुबारे नागरिकहरुमा सचेतना फैलाउन विभिन्न प्रकारका अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुका साथै ग्रामिण समुदायस्तरमा महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई परिचालन गरेर स्वास्थ्य तथा सरसफाई सचेतना कार्यक्रमहरु संचालन गरिनेछ । यसैगरी सम्पूर्ण महिला स्वास्थ्य स्वयमसेविकाहरुको भुमिकालाई उच्च सम्मान गर्दै प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

**खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरु :**

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि .प्रमुख प्रशासकीय अधिकृत | गा.पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति गाउँपालिका अध्यक्ष |

- पुथा उत्तरगंगा बासीलाई शुद्ध र सुरक्षीत खानेपानी उपलब्ध गराउँन खानेपानीका संरचनाहरुको मर्मत सम्भार एवम् निर्माणलाई जोड दिईनेछ। बिभिन्न स्थानहरुमा रहेका खानेपानीका मुहानहरुलाई संरक्षण गर्न वृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।
- **सफा मुहान : स्वच्छ खानेपानी** भन्ने मान्यतालाई आत्मसाथ गर्दै खानेपानीका मुहानहरु सरसफाई गर्ने एवम् खानेपानीका मुहान वरपर फोहोरमैला नियन्त्रण गरिनेछ । यसैगरी दुषित खानेपानीको माध्यमबाट लाग्ने रोगहरुबारे सचेतना फैलाई मूहान संरक्षणमा स्थानीय बासिन्दालाई प्रोत्साहित गरिनेछ ।
- नागरिकहरुको सहजताका लागि सार्वजनिक स्थलहरुमा सार्वजनिक धारो, सार्वजनिक शौचालय तथा प्रतिक्षालयहरु निर्माण गरिनेछ भने पुराना संरचनाहरुलाई मर्मत सम्भार गरिनेछ।
- यस गाउँपालिका अन्तर्गतका मुख्य मुख्य बजारहरुमा कुहिने र नकुहिने फरक प्रकारका फोहोरहरुको व्यवस्थापन गर्न डस्टबिनहरुको व्यवस्था गरिनेछ भने प्लाष्टिकजन्य पदार्थहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ । यसैगरी गाउँमा उत्पादन हुने कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउँन आवश्यक तालिमको व्यवस्था गरिनेछ।

## कला र सँस्कृति सम्बन्धी नीतिहरु :

- पुथा उत्तरगंगा गाउँपालिकाको कला, संस्कृति र रीतिरिवाजमा रहेको विविधता यहाँको विशेषता हो। विभिन्न समुदायहरुबीचको आत्मियताले झनै यस्ता विशेषताको महत्त्व झल्काएको छ। यस्ता विभिन्न कला तथा संस्कृतिहरुलाई संरक्षण एवम् सम्वर्द्धन गर्दै पर्यटनसँग जोड्न आवश्यक पहल गरिने छ। मगर समुदायको प्रमुख पर्व भुम्या, माघे संक्रान्ती लगाएत चाडहरु र यहाँको मौलिक भाषालाई संरक्षण र प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ।
- यहाँको संस्कृतिलाई झल्काउने खालका साँस्कृतिक महोत्सव संचालन गर्न आवश्यक सहयोग गरिनेछ भने सो को संरक्षणको लागि संग्रहालय निर्माण गर्न आवश्यक पहल गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिहरु :

| | | |
|---|---|---|
| वशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा.पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| वशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

- नेपालको संविधानले प्रदत्त गरेका छुवाछूत तथा भेदभाव विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक तथा सामाजिक न्यायको हक लगाएतका मौलिक हक अधिकारको सुनिश्चितता गर्न गाउँपालिका प्रतिवद्ध छ । यसका लागि विभिन्न लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला, दलित, आदिवासी जनजाती, अल्पसङ्ख्यक, अपाङ्ग, ज्येष्ठ नागरिक, एकल महिला र बालबालिकाको क्षेत्रमा उनीहरुको आवश्यक्तालाई मध्यनरजर गर्दै क्षमता विकास तालिम र सीपमूलक तालिमहरु संचालन गर्ने तथा नागरिक समाज, वडामा गठन भएका क्लब तथा सञ्जालहरुलाई लक्षित वर्गको सशक्तीकरणमा प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिकाका सम्पुर्ण सहिदहरुको सम्मान एवम् सम्झनामा सहिद स्मृति प्रतिष्ठान स्थापना गरी पालिकास्तरमा सहिद स्मारिका पार्क निर्माण गरिनेछ ।
- विभिन्न प्रकारका घरेलु तथा सामाजिक हिंसाको शिकार भएका महिलाहरुको लागि गाउँपालिकाको केन्द्रमा **सेफ हाउस** स्थापना गरिनेछ ।
- गाउँपालिकाको न्यायिक समितिबाट अधिकार क्षेत्रभित्र पर्ने विवादहरुको निरुपणमा सहजीकरण न्यायिक इजलास निर्माण गरिनेछ भने प्रत्येक वडाहरुमा गठित मेलमिलाप समितिहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।
- दलित समुदायले परम्परादेखि सञ्चालन गर्दै आएका व्यवसायहरुलाई व्यवसायिक र आधुनिक बनाउँदै लगिनेछ भने यसको संरक्षणको लागि नयाँ पुस्ताहरुलाई व्यवसायतर्फ आकर्षित गरिनेछ ।
- जनयुद्ध तथा विभिन्न आन्दोलनमा गोलीको छर्रा लागि घाईते भएका र परिचयपत्र प्राप्त नगरेका व्यक्तीहरुको उच्च कदर गर्दै औषधि उपचारको लागि रकम उपलब्ध गराईनेछ ।
- द्वन्दकालमा आफ्ना आमा बुवा गुमाएका र हाल अध्ययन गरिरहेका बालबालिकाहरुलाई सहुलियत स्वरुप अध्ययनको लागि रकम उपलब्ध गराईनेछ ।
- विभिन्न प्रकारका हिंसाको शिकार भई पिडित भएका महिलाहरुलाई क्षतिपूर्ति उपलब्ध गराउँन स्थापना गरिएको लैङ्गिक हिंसा निवारण कोषमा थप रकमको व्यवस्था गरिनेछ भने त्यस्ता पिडित महिलाहरुलाई आवश्यकताको आधारमा नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।
- महान जनयुद्ध र विभिन्न आन्दोलनको क्रममा आफ्नो ज्यानको बलिदान गर्नुभएका महान सहिदहरुको सम्झनामा सहिद परिवारहरु र घाईते तथा अपाङ्गहरुलाई योगदानको उच्च कदर गर्दै सम्मान गरिनेछ ।

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा.पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनिराज घर्ति |
| नि. प्रमुख प्रशासकीय अधिकृत | गा.पा.उपाध्यक्ष | गाउँपालिका अध्यक्ष |

- नेपाल सरकारले उपलब्ध गराउँने सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तीले सहजै प्राप्त गर्न सक्नेगरी पहल गरिनेछ ।
- समाजमा रहेका विभिन्न प्रकारका कुरीति, कुप्रथा, जातीय तथा लैङ्गिक विभेद र सबै प्रकारका विभेदहरु न्युनिकरण र निर्मुल पार्न आवश्यक सचेतना कार्यक्रमहरु संचालनमा ल्याईनेछ भने त्यस्ता विभेद गर्ने व्यक्तीहरुलाई कानुनको दायरमा ल्याउन पहल गरिनेछ ।

**सडक, पुल तथा सिँचाई सम्बन्धी नीतिहरु :**

- पुथा उत्तरगंगा गाउँपालिकाको अधिकांश क्षेत्र उच्च हिमालमा पर्ने भएकोले भौगोलिक जटिलताको कारण अत्याधुनिक र भव्य संरचना गर्न गाउँपालिकासँग पर्याप्त बजेट नभएको व्यहोरा स्मरण गर्दै गाउँपालिकाले आफ्ना नागरिकका विकासका आधारभुत आवश्यक्ताहरुको परिपूर्ति गर्न विभिन्न संरचनाहरु निर्माण गर्दै आएको छ । हाल गाउँपालिकाका अधिकांश वडाहरुमा सडक पूर्वाधारको पहुँच पुगेको छ । आगामी आर्थिक वर्षभित्र सडक संजालको पहुँचमा नपुगेका वडाहरुमा सडक पुर्याउन संघीय तथा प्रदेश सरकारसँग समन्वय र पहल गरिनेछ ।

- गुणस्तरीय, सर्वसुलभ र सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाह गर्न आवश्यक पर्ने भौतिक संरचनाको अभाव रहेको यस अवस्थामा आगामी आर्थिक वर्षबाट गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्ने कार्य प्रारम्भ गरिनेछ । साथै वडा कार्यालयको भवन नभएका वडाहरुमा प्रशासनिक भवन निर्माण गरिनेछ ।
- गाउँपालिकाका दुरदराजहरुमा जनताको आवतजावतमा सहजीकरण गर्न झोलुंगे पुल निर्माणको कार्य तीव्र रुपमा अगाडि बढिरहेको छ भने आवश्यकता भएको ठाउँहरुमा झोलुंगे पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाभित्रको यातायात क्षेत्रलाई व्यवस्थित र सर्वसुलभ बनाउन पालिकास्तरीय बस सेवा संचालन गरिनेछ ।
- उपभोक्ता समितिबाट निर्माण हुने भौतिक पूर्वाधारहरुमा स्थानीयको अपनत्व बोध गराउन उपभोक्ता समितिलाई नै जिम्मेवार बनाउँने नीति लिईनेछ । साथै यस्ता आयोजनाहरुको गुणस्तरता अभिवृद्धि गर्न उपभोक्ता समितिहरुलाई योजना निर्माण गर्नु अगावै विशेष कक्षाको व्यवस्था गरिनेछ । यसैगरी आगामी

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि .प्रमुख प्रशासकीय अधिकृत | गा.पा उपाध्यक्ष | .गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

आर्थिक वर्षदेखि रु २० लाख भन्दा बढि लागत अनुमान भएका सबै आयोजनाहरुको खरिद बोलपत्र माध्यमबाट गरिनेछ ।

- विकासका पूर्वाधारको पनि पूर्वाधार मानिने सडक क्षेत्रलाई सबै नागरिकको पहुँचमा पुर्याउनु गाउँपालिकाको प्रमुख लक्ष्य हो । सहिद मार्ग आयोजना निर्माणको कार्यलाई छिटो भन्दा छिटो निर्माण सम्पन्न गर्न सम्बन्धीत निकायमा पहल गरिनेछ । यसैगरी क्युवाङ कोल राङ्सी नाखा जामाबगर सडक खण्ड र रुकुमकोट बालुवा देउखोला त्रिवेणी तकसेरा ढोरपाटन सडकलाई उत्तरगंगा करिडोरको रुपमा निर्माण गर्न संघीय सरकारमा पहल गरिनेछ ।
- स्थानीय ग्रामिण सडकहरुलाई १२ महिना संचालन गर्न आवश्यक मर्मत सम्भार कार्यहरु निरन्तर गरिनेछ ।
- यसैगरी गाउँपालिकाका मुख्य मुख्य कृषि उत्पादन क्षेत्रहरुमा सिँचाईको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

**भवन तथा शहरी विकास सम्बन्धी नीतिहरु :**

- पुथा उत्तरगंगा गाउँपालिकाका मुख्य व्यापारिक केन्द्रहरुमा निर्माण हुने भवन संरचनाहरुलाई भुकम्प प्रतिरोधी बनाउँन जोड दिईनेछ । जसको लागि नागरिकहरुलाई डकर्मी तथा सिकर्मी तालिमको व्यवस्था गरिनेछ ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तर्गतका सबै खरका छानाहरु हटाई क्रमश टिनका छानाले विस्थापन गरिनेछ ।
- मुख्य व्यापारिक केन्द्रहरुमा तिव्ररुपमा निर्माण भईरहेका विभिन्न संरचनाहरुलाई व्यवस्थापन गर्ने नीति लिईनेछ ।

**लघु तथा साना जलविद्युत एवम् वैकल्पिक उर्जा सम्बन्धी नीतिहरु :**

- पुथा उत्तरगंगा गाउँपालिकाभित्र संचालनमा रहेका विभिन्न लघु तथा साना जलविद्युतहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ । जसका लागि मर्मत सम्भार एवम् क्षमता विस्तारको लागि आवश्यक अनुदान सहयोगको व्यवस्था गरिनेछ ।

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि .प्रमुख प्रशासकीय अधिकृत | गा.पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

- गाउँपालिकाका अधिकांश क्षेत्रमा सौर्य तथा जलविद्युत उर्जाको पहुँच पुर्याईनेछ । जसका लागि निर्मित विद्युत संरचनाको लाईनको विस्तार गर्दै लगिनेछ भने अति विपन्न परिवारहरुलाई सोलार सेटहरु अनुदान स्वरुप उपलब्ध गराईनेछ ।
- गाउँपालिका क्षेत्रमा थप उर्जाको उत्पादन बढाउँन वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग आवश्यक समन्वय गरिनेछ । यसैगरी गाउँपालिकाका मुख्य व्यापारिक केन्द्रहरुमा सौर्य सडक बत्तीहरु जडान गर्दै लगिनेछ ।

**संचार सम्बन्धी नीतिहरु :**

- रेडियो ग्रामीणस्तरको सबैभन्दा भरपर्दो संचार माध्यम हो । सबै स्थानहरुमा रेडियोको सेवा पुर्याई नागरिकहरुलाई सेवा प्रवाहको बारेमा र अन्य घटनाहरुको बारेमा सुसूचित गर्न गाउँपालिकाको एफ.एम. स्थापना गरी संचालन गरिनेछ ।
- सूचनाको हकको कार्यान्वयन गर्न गाउँपालिकाबाट नियमित हुने कार्यहरुको बारेमा रेडियो मार्फत नागरिकहरुलाई जानकारी गराइने छ । साथै गाउँपालिकाबाट प्रवाह हुने सबै सेवाहरुलाई क्रमश प्रविधिमैत्री बनाउँदै लगिनेछ ।
- निर्मित टावरहरुमा पर्याप्त उर्जा व्यापकको व्यवस्था नहुँदा वर्षा र हिउँद याममा यस गाउँपालिकाका अधिकांश क्षेत्रहरु संचारविहिन हुने गरेका छन् । यस्तो समस्या दीर्घकालीनरुपमा समाधान गर्न सम्बन्धीत निकायसँग आवश्यक पहल भईरहेको छ । यसरी हाल प्रवाह भईरहेको सेवा सुधारको लागि थप पहल गरिनेछ भने सेवा नभएको स्थानहरुमा सेवा विस्तार गर्न सरकारी तथा नीजि सेवा प्रदायकहरुसँग आवश्यक समन्वय गरिनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिहरु :**

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि .प्रमुख प्रशासकीय अधिकृत | गा.पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

- पुथा उत्तरगंगा गाउँपालिकाको भु-बनोट र यहाँ रहेका विभिन्न खोलानालाहरुको कारण विभिन्न क्षेत्रहरुमा बाढि पहिरोको जोखिम रहेको छ । वर्षायाममा खोलानालाबाट हुने क्षति न्युनीकरण गर्न खोला किनारहरुमा ग्याबिन जाली लगाउने कार्यलाई जोड दिईनेछ । यसैगरी पहिरोको क्षति न्युनीकरण गर्न भिराला क्षेत्रहरुमा वृक्षारोपण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- अव्यवस्थित सँडक पूर्वाधारको कारण पछिल्लो समय बाढि तथा पहिरोको जोखिम बढिरहेको छ । यस्ता जोखिमहरु न्युनिकरण गर्न अव्यवस्थित सडक पूर्वाधार निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्दै लगिनेछ ।
- गर्मीयाममा वनजंगलमा डढेलो लगाउने, अनावश्यक वन फडानी गर्ने तथा वन पैदावारमा हानी पुऱ्याउने खालका मानवीय गतिविधिहरुलाई नियन्त्रण गर्दै वन जंगलको संरक्षण गरिनेछ । यसैगरी पानीका मुहानहरु संरक्षण गर्न आवश्यक पहल गरिनेछ ।
- प्लाष्टिकको अत्याधिक प्रयोग जलवायु परिवर्तनको मुख्य कारक तत्व रहेको कुरा स्मरण गर्दै यस गाउँपालिकामा सकेसम्म प्लाष्टिक झोलाहरुको प्रयोगमा कमी ल्याउन पहल गरिनेछ भने वातावरण प्रदुषण गर्ने सबै प्रकारका गतिविधिहरुलाई नियन्त्रण गरिनेछ ।

**फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिहरु :**

- गाउँपालिकाका मुख्य व्यापारिक क्षेत्रहरुमा उत्पादन हुने फोहोरमैला व्यवस्थापन गर्न एकिकृत फोहोर संकलन केन्द्र गरिनेछ जहाँ कुहिने र नकुहिने फोहोरहरुको छुट्टाछुट्टै विसर्जन गरिनेछ । यसैगरी हरेक घरहरुमा उत्पादन हुने कुहिने फोहोर मार्फत कम्पोष्ट मल बनाउँन कृषि विकास शाखा मार्फत तालिमको व्यवस्था गरिनेछ ।
- फोहोरमैलाको कारण लाग्ने रोगहरु सम्बन्धी जनचेतना फैलाई फोहोर उत्पादनलाई न्युनिकरण गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिहरु**

- नेपालको संविधानले प्रदत्त गरेको सूचनाको हकलाई कार्यान्वयन गर्न गाउँपालिकाबाट प्रवाह गरिने सम्पूर्ण सेवाहरुको बारेमा नागरिकहरुलाई जानकारी गराउँन गाउँपालिकादेखि वडाकांर्यालयहरुमा अद्यावधिक गरिएको नागरिक बडापत्र राखिनेछ भने सम्पूर्ण क्रियाकलापको बारेमा नियमित सार्वजनिक सुनुवाई एवम् सार्वजनिक परीक्षण गरिनेछ । यसैगरी गाउँपालिकाका नियमित

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव<br>नि .प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा उपाध्यक्ष | पुनीराज घर्ती मगर<br>गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>अध्यक्ष |

गतिविधिहरुलाई आम नागरिकको पहुँचमा पुर्याउन गाउँपालिकाको वेबसाईटलाई नियमितरुमा अपडेट गरिनेछ।

- चुस्त, दुरुस्त र पारदर्शी कर्मचारी प्रशासन र जनउत्तरदायी जनप्रतिनिधित्व विकास गरी आम नागरिकहरुलाई सुशासनको प्रत्याभुति गराईनेछ। यसैगरी अनावश्यक चालु प्रकृतिका खर्चहरु कटौती गर्दै पुँजीगत खर्च बढाउँने साथै कार्यालय संचालनमा मितव्ययिता प्रवर्द्धन गरिनेछ।
- गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह एवम् विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउँन आगामी आर्थिक वर्षमा आवधिक योजना, आन्तरिक नियन्त्रण प्रणाली, राजश्व सुधार योजना तथा क्षमता विकास योजना तयार गरी कार्यान्वयन गर्दै लगिनेछ। यसैगरी गाउँपालिकाको समग्र अवस्थाको बारेमा चित्रण गर्न डिजिटल प्रोफाईल तयार गरिनेछ। साथै गाउँपालिकाका महत्वपूर्ण शाखा प्रमुखहरुमा सम्भव भएसम्म स्थायी कर्मचारीहरुको व्यवस्थापन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई चुस्त र पारदर्शी एवम् पहुँचयोग्य बनाई राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अद्यावधिक गरिनेछ।
- सेवा प्रवाहलाई अझै प्रभावकारी बनाउँन कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ भने आवश्यक ज्ञान र सीप हासिल गर्न नमुना स्थानीय तहहरुमा अवलोकन भ्रमणमा जाने व्यवस्था मिलाईनेछ।
- पुथा उत्तरगंगा गाउँपालिकाको सम्पूर्ण भौगोलिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अवस्थाहरुको बारेमा विवरणहरुको यथार्तता चित्रण गर्न डिजिटल गाउँ प्रोफाईल तयार गरिनेछ।
- गाउँपालिकाको आन्तरिक राजश्व संकलनलाई प्रभावकारी बनाउँन करको दायरालाई फराकिलो बनाउँदै लगिनेछ। आ.व. २०७८/०७९ देखि प्रयोगमा ल्याईएको राजश्व संकलन सफ्टवेयरलाई अद्यावधिक गर्दै लगिनेछ।

अन्त्यमा,

पुथा उत्तगंगा गाउँपालिकालाई विकास र समृद्धिको यात्रातर्फ अग्रसर गराउँन योगदान पुर्याउनुहुने विभिन्न राजनैतिक दलहरु, नागरिक समाज लगायत जनप्रतिनिधिहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। यसैगरी पुथा उत्तरगंगा गाउँपालिकाको समस्त आर्थिक, सामाजिक, भौतिक र बहु-आयामिक विकासमा आ-आफ्नो क्षेत्रबाट भुमिका निर्वाह गर्नुहुने राष्ट्रसेवक कर्मचारी, सरकारी तथा नीजि क्षेत्रका व्यक्तीहरु,

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि .प्रमुख प्रशासकीय अधिकृत | गा.पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा. उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

बुद्धिजीवि, आम सञ्चार जगत साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्था तथा पुथा उत्तरगंगा विकासका साझेदारहरुलाई धन्यवाद दिन चाहन्छु । साथै गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश भएका विषयहरुको कार्यान्वयनमा रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद, नमस्कार !**

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि .प्रमुख प्रशासकीय अधिकृत | गा.पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |